# चौतारा सांगाचोकगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### चौतारा, सिन्धुपाल्चोक
### ३ नं. प्रदेश, नेपाल

**आन्तरिक आय तर्फको आय ठेक्का नं. १ (०७५/०७६) र ठेक्का नं. २ (०७५/०७६) को शिलबन्दी बोलपत्र आब्हान रद्ध गरिएको सूचना**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को घ (१), घ (२) र घ (६) समेतमा भएको व्यवस्था अनुसार यस चौतारा साँगाचोकगढी नगरपालिकाको आन्तरिक आय संकलन कार्यविधी २०७५, प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तथा नगर कार्यपालिकाको निर्णयानुसार देहायका शिर्षकहरुमा राजस्व असुली सम्बन्धी काम आ.व. २०७५/७६ को लागि ठेक्काद्धारा गराउन मिति २०७५/०२/२७ गते यस नगर पालिकाको कार्यालयबाट आन्तरिक आय तर्फको शिलबन्दी बोलपत्रको आब्हान गरिएको सूचना प्रकाशित गरिएको थियो । ३ नं. प्रदेश सरकाको प्रदेश आर्थिक ऐन, २०७५ को दफा दफा ८ को उपदफा १ ले आर्थिक बर्ष २०७५/०७६ मा ढुंगा, गिट्टी, बालुवा, दहत्तर बहत्तरको संकलनमा अनुसूची-६ बमोजिम शुल्क लगाईने र असुल उपर गरिने गरी प्रदेश आर्थिक ऐन, २०७५ ले गरेको व्यवस्था अनुसार मिति २०७५।०२।२७ गते प्रकाशित आन्तरिक आय तर्फको आय ठेक्का नं. १ (०७५/०७६) र ठेक्का नं. २ (०७५/०७६) को सूचना प्रदेश आर्थिक ऐन, २०७५ संग बाँझिएको हुँदा नगर कार्यपालिकाको मिति २०७५।०३।२२ गतेको निर्णय अनुसार नगर कार्यपालिकाको कार्यालयबाट प्रकाशित गरीएको मिति २०७५।०२।२७ गतेको सूचना मध्ये आन्तरिक आय तर्फको आय ठेक्का नं. १ (०७५/०७६) र आय ठेक्का नं. २ (०७५/०७६) को शिलबन्दी बोलपत्र आव्हान रद्ध गरिएको व्यहोरा जानकारीको लागि यो सूचना प्रकासित गरिएकोछ ।